सूचनाको हक सम्बन्धी ऐन, 2064 को दफा 5 को उपदफा (3) तथा सूचनाको हक सम्बन्धी नियमावली, 2065 को नियम (3) सँग सम्वन्धित

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

**आन्तरिक राजस्व कार्यालय, भरतपुर ।**

# सूचनाको हक कार्यान्वयन सम्वन्धी विवरण

## आर्थिक वर्ष 2080/81 (2080/04/01 देखी 2080/11/30 सम्म)

### 1. निकायको स्वरुप र प्रकृतिः

मुलुकको आन्तरिक राजस्व परिचालन गर्ने मुल उद्धेश्यका साथ अर्थ मन्त्रालय अन्तर्गत रहेको आन्तरिक राजस्व विभाग अन्तर्गतका ४३ वटा आन्तरिक राजस्व कार्यालयहरुमध्ये चितवन जिल्ला कार्यक्षेत्र रहेको आन्तरिक राजस्व कार्यालय भरतपुर एक हो। यस कार्यालयको मातहतमा करदाता सेवा कार्यालय, खैरहनी एक मात्र सेवा कार्यालय रहेको छ। करदाता सेवा कार्यालयले रत्ननगर नगरपालिका, कालिका नगरपालिका, राप्ती नगरपालिका र खैरहनी नगरपालिकामा करदाता सेवा र कर संकलनका कार्यहरु सम्पादन गर्दै आएको छ। यस कार्यालयले मुख्यतया आयकर, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क सम्बन्धी प्रशासन गर्दै आएको छ । कार्यालयको कार्यमा बिशिष्टीकरण गरी प्रवाह गरिने सेवामा उत्कृष्टता ल्याउन यस कार्यालयको कामहरुलाई विश्लेषण गरी कार्यगत संगठनात्मक कार्यढाँचा अवलम्वन गरिएको छ । कार्यालयबाट प्रवाह गरिने कार्यहरु बढी भन्दा बढी प्रभावकारी बनाउन मौजुदा जनशक्तिको समुचित परिचालन गरी सेवामा शीघ्रता, गुणस्तरियता, पारदर्शी, लागत प्रभावकारी बनाउनुका साथै करदाता मैत्री कर प्रशासन संचालन गरिदै आएको छ । करदाताहरुमा आवश्यकताका आधारमा करदाता शिक्षा सघन रुपमा संचालन गरिदै आएको छ। आधुनिकिकरणको लहरसंगै सूचना प्रविधिमा आएका परिवर्तन तथा कर प्रशासनका अबलम्वन गरिएका प्रविधिहरुको उच्चतम परिचालन गर्दै कर प्रशासनको प्रभावकारिता बढाउदै जाने र करदातालाई प्रविधिमैत्री बनाउदै जाने सोच अनुरुप करदाता शिक्षा प्रविधियुक्त बनाउने उद्देश्य कार्यालयको छ ।

### 2. निकायको काम, कर्तव्य र अधिकारः

करदाता सेवा, कर संकलन, कर फिर्ता र कर परीक्षण तथा अनुसन्धान यस कार्यालयको प्रमुख कार्यहरु हुन ।

### ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः

कार्यालयमा कार्यागत कार्यढाँचा (Functional Structure) अनुरुप करदाता सेवा शाखा, कर संकलन शाखा र करपरीक्षण तथा अनुसन्धान शाखा रहेका छन् । कार्यालयको कर्मचारी दरवन्दी देहाय अनुसार रहेको छः

| सि.नं. | पद | श्रेणी | सेवा | समूह | संख्या |
|---|---|---|---|---|---|
| 1 | प्रमुख कर अधिकृत | रा.प.द्वितिय | प्रशासन | राजस्व | 1 |

| | | | | | |
|---|---|---|---|---|---|
| 2 | कर अधिकृत | रा.प.तृतिय | प्रशासन | राजस्व | 9 |
| 3 | कम्प्युटर अधिकृत | रा.प.तृतिय | विविध | - | 1 |
| 4 | नायब सुव्वा | रा.प.अ.प्रथम | प्रशासन | राजस्व | 14 |
| 5 | लेखापाल | रा.प.अ.प्रथम | प्रशासन | लेखा | 1 |
| 6 | कम्प्युटर अपरेटर/ डा.ई.सु | रा.प.अ.प्रथम | विविध | - | 5 |
| 7 | हलुका सवारी चालक | श्रेणी विहीन | | | 2 |
| 8 | कार्यालय सहयोगी | श्रेणी विहीन | | | 4 |
| | जम्मा | | | | 37 |

**4. निकायबाट प्रदान गरिने सेवाः**

यस कार्यालयबाट आयकर, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क सम्वन्धी प्रशासन गर्ने गरिन्छ । प्रचलित कर सम्बन्धी कानूनहरुको कार्यान्वयन गर्नु गराउनु यस कार्यालयको प्रमुख कार्य हो । सेवा प्रवाहाका लागि कार्यालयमा कार्यमूलक संगठनात्मक ढाँचा अनुरुप करदाता सेवा शाखा, संकलन शाखा र कर परीक्षण तथा अनुसन्धान शाखा रहेका छन् ।

**5. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**

<u>करदाता सेवा शाखा</u>

करदाता सेवा शाखा (सञ्चालन शाखा) को मुख्य कार्य जिम्मेवारी कराधार विस्तार गर्ने, करदाता शिक्षा कार्यक्रम सञ्चालन गरी कर सम्बन्धी जागरुकता अभिवृद्धि गर्ने, स्वयंकर परिपालना गराउने तथा यसका लागि करदातालाई उत्प्रेरित गराउने, स्वयंकर परिपालना नगर्ने करदाताहरुको पहिचान गरी कर विवरण तथा कर संकलन गर्ने, कर दाखिला एवं कर चुक्ता प्रमाणपत्र जारी गर्ने, करदाताले स्वयंकर निर्धारण गरी पेश गरेका विवरणहरुको सर्सर्ती परीक्षण गरी जोखिम पहिचान गर्ने, करदाताको सूचना व्यवस्थापन गर्ने र करदाताहरुलाई गुणस्तरीय र प्रभावकारी सेवा प्रदान गर्नु हो। यस शाखामा २ जना कर अधिकृत सहित अन्य सहायक कर्मचारीहरु रहेका छन् ।

यस शाखाका मूख्य कार्यहरु निम्न अनुसार रहेका छन् -

- आयकर, मू.अ.कर, अन्तःशुल्क तथा अग्रीम करकट्टी प्रयोजनको लागि दर्ता गर्ने
- आय विवरण, मू.अ.कर विवरण एवं अन्तःशुल्क विवरणहरु प्राप्त गर्ने
- करदाताले पेश गरेका विवरणहरुको सर्सर्ती परीक्षण गर्ने
- करचुक्ता प्रमाण पत्र जारी गर्ने
- करदाता शिक्षा कार्यक्रमहरु संचालन गर्ने
- करदाताको अभिलेख तथा सूचनाहरु व्यवस्थापन गर्ने
- अन्तःशुल्क स्टिकर व्यवस्थापन
- कर्मचारी प्रशासन आदि ।

कर संकलन शाखा

संकलन शाखाको मुख्य कार्य जिम्मेवारी करदाताहरुबाट राजस्व संकलन गर्ने, कर बक्यौता असुली र कर सहभागिताको अनुगमन गर्नु हो। साथै, कर अधिकृतले कानुन बमोजिम करारोपण गरी निर्धारण गरेको कर दायित्व असुल गर्ने, अग्रिम आयकर कट्टी गरी दाखिला गर्नुपर्ने कर्तब्य भएको व्यक्तिले कर दाखिला गरे नगरेको, किस्ताबन्दी रुपमा दाखिला गर्नु पर्ने कर रकम दाखिला गरे नगरेको अनुगमन यसै शाखाबाट हुने गरेको छ । ठूलो बक्यौता राखी दाखिला गर्न अटेर गर्ने करदाताबाट अन्तिम तहको कानुनी कारबाही गरी बक्यौता असुली गर्ने कार्य समेत कर संकलन शाखाले गर्दछ।साथै, कर अधिकृतले गरेको कर निर्धारणका बिरुद्ध करदाताले आन्तरिक राजस्व विभाग, राजस्व न्यायाधिकरण वा अन्य अदालतमा पुनरावलोकन वा पुनरावेदन गरेमा सोको विस्तृत अभिलेख व्यवस्थापन गर्ने, बेरुजुको लगत अद्यावधिक राखी फर्छ्यौटका लागि प्रक्रिया अघि बढाउने, महालेखा परीक्षकको कार्यालयबाट बेरुजु सम्परीक्षण भई आएमा लगत कट्टा गरी अद्यावधिक गर्ने, मासिक तथा वार्षिक राजस्व असुलीको लगत राखी मासिक तथा वार्षिक आर्थिक विवरण तयार गरी सम्बन्धित निकायहरुमा पठाउने कार्य जिम्मेवारी पनि यस शाखाको हो। यस शाखामा 1 जना कर अधिकृत सहित अन्य सहायक कर्मचारीहरु रहेका छन् ।

यस शाखाका मूख्य कार्यहरु निम्न अनुसार रहेका छन् -

- राजस्व संकलन र सो सम्वन्धी अभिलेख व्यवस्थापन गर्ने
- कर बक्यौता असूली गर्ने
- कर बक्यौता राख्ने करदाताहरुलाई कानूनी कारवाही गर्ने
- कर निर्धारण विरुद्ध पुनरावलोकन/पुनरावेदन गएका करदाताहरुको अभिलेख राख्ने
- वेरुजु लगत अद्यावधिक राखी वेरुजु फर्छ्यौट सम्वन्धी कार्य गर्ने
- आर्थिक विवरणहरु तयार गर्ने आदि ।

कर परीक्षण तथा अनुसन्धान शाखा

करदाताले स्वयंकर निर्धारण गरी यथार्थ आय विवरण वा कर विवरण पेश नगरेको कारणले सिर्जना हुने कर चुहावटका जोखिम न्यूनीकरण गर्न आय विवरण र कर विवरणको छनौट गरी करारोपण गर्ने मुख्य जिम्मेवारी कर परीक्षण शाखाको हो। कर कानुनको कार्यान्वयन गरी करदाताहरुमा कर सहभागिता अभिवृद्धि गराउने र कर प्रशासनमा स्वच्छता र समन्यायिकता कायम गराउने कार्य जिम्मेवारी पनि यही शाखाको हो। यस शाखामा 6 जना कर अधिकृत सहित अन्य सहायक कर्मचारीहरु रहेका छन् ।

यस शाखाका मूख्य कार्यहरु निम्न अनुसार रहेका छन् -

- करदाताले स्वयं कर निर्धारण गरी पेश गरेका विवरणहरुको कर परीक्षण तथा अनुसन्धान गर्ने
- अग्रीम कर कट्टी सम्वन्धी छानविन गर्ने
- कर फिर्ता सम्वन्धी कार्यवाही गर्ने
- छानविन प्रतिवेदनको आधारमा कर निर्धारण गर्ने
- अवैध मदिरा नियन्त्रण सम्वन्धी कार्यवाही गर्ने
- बजार अनुगमन गर्ने

- विभिन्न निकायहरुवाट प्राप्त उजुरी सम्वन्धी छानविन गर्ने आदि ।

**6. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः**

सेवाग्राहीले प्राप्त गर्ने सेवाको सम्वन्धमा लाग्ने समय, लागत र जिम्मेवार अधिकारीको सम्वन्धमा नागरिक वडापत्रमा उल्लेख गरिएको छ ।

**7. निर्णय गर्ने प्रकृया र अधिकारीः**

सेवा प्रवाहको सिलसिलामा गर्नुपर्ने निर्णयहरुको सम्वन्धमा सम्वन्धित शाखाबाट उठान भई प्रमुख कर अधिकृतबाट निर्णय हुने गरेको छ ।

**8. निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

कार्यालयको निर्णय उपर - आन्तरिक राजस्व विभागका महानिर्देशक

सूचना अधिकारीको निर्णय उपर - कार्यालय प्रमुख

**9. सम्पादन गरेको कामको विवरणः**

कार्यालयले 2080/81 फागुनसम्म सम्पादन गरेका प्रमुख कार्यहरु यस प्रकार छन् -

| सूचक | प्रगति |
|---|---|
| स्थायी लेखा नं. दर्ता संख्या | 2656 |
| मूल्य अभिवृद्धि कर दर्ता संख्या | 469 |
| अन्तःशुल्क इजाजत दर्ता संख्या | 185 |
| व्यक्तिगत स्थायी लेखा नं. दर्ता संख्या | 17492 |
| WPAN दर्ता संख्या (अग्रीम करकट्टी प्रयोजन) | 36 |
| कर परीक्षण संख्या | 44 |
| प्रारम्भिक अनुसन्धान संख्या | 28 |
| विस्तृत अनुसन्धान संख्या | 2 |
| अग्रीम करकट्टी परीक्षण संख्या | 16 |
| बजार अनुगमन संख्या | 147 |
| करदाता शिक्षा कार्यक्रम संख्या | 11 |
| संकलन भ्रमण संख्या | 48 |

<u>राजस्व असूली (रु.हजारमा)</u>

| Group | 2080 / 11 को | | | 2080 / 11 सम्मको | | |
|---|---|---|---|---|---|---|
| | Monthly Target | Monthly Collectio | Percent | Total Target | Total Collection | Percent |
| (A) Income Tax | 96585 | 197342 | 204.32 | 1509138 | 1629930 | 108.00 |
| (B) House Rent | 3499 | 2765 | 79.02 | 33943 | 27302 | 80.43 |
| (C) Interest | 7620 | 3253 | 42.69 | 112737 | 87443 | 77.56 |
| (D)VAT (Internal) | 158696 | 136758 | 86.18 | 1394517 | 1113142 | 79.82 |
| (E) Excise | 1836514 | 1492002 | 81.24 | 13862226 | 9040298 | 65.22 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (F) Health Service | 3305 | 1926 | 58.09 | 27050 | 12583 | 46.50 |
| **Total** | **2106218** | **1834046** | **87.08** | **16939611** | **11910697** | **70.31** |

वार्षिक लक्ष - 27अर्व 92करोड 87लाख 49हजार

**10. सूचना अधिकारी र प्रमुखको नाम र पदः**

सूचना अधिकारी - राजन कुमार रेग्मी (कर अधिकृत)

प्रमुख - निरन भट्टराई (प्रमुख कर अधिकृत)

**11. ऐन, नियम, निर्देशिकाको सूचीः**

- आयकर ऐन (संशोधन सहित), २०५८
- आयकर नियमावली (संशोधन सहित), २०५९
- मूल्य अभिवृद्धि कर ऐन (संशोधन सहित), २०५२
- मूल्य अभिवृद्धि कर नियमावली (संशोधन सहित), २०५3
- अन्तःशुल्क ऐन, २०५८ र अन्त:शुल्क नियमावली (संशोधन सहित), २०५९
- मदिरा ऐन, २०३१ र मदिरा नियमावली (संशोधन सहित), २०३३
- आयकर निर्देशिका (संशोधन सहित), २०६६
- मूल्य अभिवृद्धि कर निर्देशिका (संशोधन सहित), २०६९
- अन्तःशुल्क निर्देशिका (संशोधन सहित), २०६८
- विद्युतीय विजक सम्बन्धी कार्यविधि , २०७४ (संशोधन सहित)
- पूँजिगत लाभकर सम्बन्धी निर्देशिका (संशोधन सहित), 2072

**12. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी विवरणः**

| अवधि | चालु खर्च | पूँजीगत खर्च | जम्मा खर्च |
|---|---|---|---|
| 2080 श्रावण-फागुन | 21108222/84 | 395876/- | 21504098/84 |

**13. Website:**

https://ird.gov.np/branch/iro-bharatpur